सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम

२०८३ श्रावण, भाद्र र आश्विन

महिनामा सम्पादित प्रमुख क्रियाकलापहरू (स्वतः प्रकाशन) को विवरण



प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश, बुटवल

१.पृष्ठभूमिः

नेपालको संविधानको भाग २३ धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था रहेको छ। यस संवैधानिक व्यवस्था अनुरुप प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ३ बमोजिम प्रदेश लोक सेवा आयोग गठन भई आयोगको कार्यालय लुम्बिनी प्रदेशको बुटवलमा स्थापना भई सञ्चालनमा आएको छ। प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवा तथा संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउनका लागि गठन भएको हो। यसै गरी प्रदेश र स्थानीयस्तरमा उल्लेखित सेवाका विभिन्न सेवा समूहका पदहरूमा उपयुक्त जनशक्तिलाई आकर्षित गर्ने, परीक्षा संचालन गरी सिफारिस गर्ने कार्यमा निष्पक्षता, तटस्थता र योग्यता कायम गरी जनशक्ति व्यवस्थापनमा प्रदेश सरकारलाई सहयोग गर्ने उद्देश्यले प्रदेश लोक सेवा आयोग क्रियाशिल रहेको छ ।

२. दीर्घकालीन सोचः

प्रदेश सरकारको दीर्घकालीन सोच **"समृद्ध लुम्बिनी : आत्मनिर्भर प्रदेश"** अनुरुप लुम्बिनी प्रदेशमा गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम र उच्च नैतिक चरित्र भएका जनशक्ति छनौट गरी प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गर्ने साथै प्रदेशमा सुशासन प्रवर्द्धनमा सहयोग गर्ने ।

३. उद्देश्यः

- प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरू सञ्चालन गर्ने ।
- परीक्षा पद्धतिमा सुधार गरी समसामयिक एवं वैज्ञानिक प्रणाली अवलम्बन गर्ने ।
- सेवा प्रवाहसँग सम्बन्धित समय सापेक्ष पाठ्यक्रम तर्जुमा गरी दक्ष उम्मेदवार छनोट गर्ने ।
- लोक सेवाका मूलभूत मान्यता : योग्यता प्रणाली, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने।
- प्रदेश, स्थानीय तह र अन्य तोकिएको क्षेत्रमा जनशक्ति व्यवस्थापनमा अध्ययन अनुसन्धान गर्ने।
- तोकिएका विषयमा सम्बन्धित निकायलाई परामर्श दिने ।

४. रणनीतिहरूः

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६१ र ६२ मा व्यवस्था भए बमोजिम निर्माण गरिएका आयोगको नियमावली, कार्यविधि, मापदण्ड र निर्देशिकाको कार्यान्वयन तथा अद्यावधिक गर्दै जाने।
- आयोगको लागि आवश्यक हुने विभिन्न विषय क्षेत्रका विज्ञको रोस्टर सूची तयार तथा अद्यावधिक गर्दै जाने।
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न तहका पदको पाठयक्रम निर्माण र अद्यावधिक गर्दै जाने।
- आयोगको भौतिक पूर्वाधार, जनशक्ति र प्रविधिको विकास गर्दै आयोगको सक्षमता वृद्धि गर्ने।
- लोक सेवा आयोगका मूलभूत मान्यता, योग्यता, निष्पक्षता र स्वच्छतालाई सुदृढ र विश्वसनीय बनाउने ।
- गुणस्तरीय सेवा प्रवाहका लागि सक्षम, चरित्रवान र सामाजिक उत्तरदायित्व बहन गर्न सक्ने जनशक्ति छनोट गर्ने।
- प्रदेश सरकार र प्रदेश भित्रका स्थानीय तहहरूलाई सुशासन प्रवर्द्धनका लागि सहयोग गर्ने।

५. कार्यक्षेत्रः

- प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७ मा उल्लेख भए बमोजिम यस आयोगको कार्यक्षेत्र देहाय बमोजिम रहेका छन्
- प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्ने ।
- प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने ।
- प्रदेश निजामती सेवा, अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा परामर्श दिने ।
- संगठित संस्थाको सेवाका कर्मचारीहरूको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कार्यवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने ।
- प्रदेश निजामती सेवाको शर्त सम्बन्धी विषयमा प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कार्यवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा र प्रदेश सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने।

- कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामतीसेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा परामर्श दिने ।
- आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्नु पर्ने विषयमा र प्रदेश सरकारी सेवाको र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा परामर्श दिने ।

६. कानूनी तथा नीतिगत व्यवस्थाहरू

आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा हालसम्म प्रयोग गर्दै आएका कानून एवम् कार्यविधिहरू निम्न अनुसार छन्:-

- नेपालको संविधान, २०७२
- निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०
- नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५
- कर्मचारी समायोजन ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६
- प्रदेश निजामती सेवा ऐन,२०८० तथा प्रदेश निजामती सेवा नियमावली,२०८०
- स्थानीय निजामती सेवा ऐन,२०८१ तथा स्थानीय निजामती सेवा नियमावली,२०८१प्रदेश लोक सेवा आयोग नियमावली, २०७६
- प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७
- प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७६
- प्रदेश लोक सेवा आयोग परामर्श सम्बन्धी (कार्यविधि) निर्देशिका, २०८०
- प्रदेश लोक सेवा आयोगको पारिश्रमिक तथा दस्तुर सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश लोक सेवा आयोगको आचार संहिता, २०७६
- परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरू
- निजामती सेवाका विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्त र निर्णयहरू
- प्रदेश लोक सेवा आयोगका समय-समयका निर्णयहरू
- लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू

७. आयोगको मौजुदा अवस्था

आयोगको गठन

- अध्यक्ष हरि प्रसाद बस्याल
- सदस्य श्री डिम्पल गुरुङ्ग
- सदस्य तारा प्रसाद भुसाल
- सचिव श्री शम्भु प्रसाद मरासिनी


संगठन संरचना तथा जनशक्ति विवरण

तालिकाः दरबन्दी र पदपूर्तिको अवस्था

क्र.सं.	पद	सेवा	समूह	श्रेणी/तह	स्वीकृत दरवन्दी	पदपूर्ति संख्या	रिक्त दरवन्दी संख्या
१	सचिव	प्रशासन	सा.प्र.	एघारौं	१	१	०
२	उपसचिव/ व.उपसचिव	प्रशासन	सा.प्र.	नवौं/दशौं	२	१	१
३	शाखा अधिकृत/व.शाखा अधिकृत	प्रशासन	सा.प्र.	सातौं/आठौं	४	३	१
४	कम्प्युटर ईन्जिनियर	विविध	विविध	सातौ/आठौं	१	०	१
५	कानून अधिकृत	न्याय	कानुन	सातौ/आठौं	१	१	दोहोरो जिम्मेवारी
६	शिक्षा अधिकृत/व.शिक्षा अधिकृत	शिक्षा	शि.प्र.	सातौ/आठौं	१	०	१
७	वरिष्ठ प्रशासन सहायक/अधिकृत	प्रशासन	सा.प्र.	पाचौं/छैटौं	९	९+१=१० (१ जना काजमा)	०
८	कम्प्यूटर अपरेटर/अधिकृत (कम्प्यूटर)	विविध	विविध	पाचौं/छैटौं	४	४	०
९	लेखापाल/अधिकृत(लेखा)	प्रशासन	लेखा	पाचौं/छैटौं	१	१	०
१०	ह.स.चा.			श्रेणी विहीन	५	५	०
११	का.स.			श्रेणी विहीन	४	४	०
जम्मा					**३३**	**३०**	**४**

प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश, बुटवल



*प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०५/११ को निर्णय बमोजिमको अस्थायी दरबन्दी

९. आयोगको कार्यसम्पादनका आधारभूत सिद्धान्तहरू

आयोगले कार्यसम्पादन गर्दा स्वतन्त्र, निष्पक्ष तथा स्वच्छताको आधारमा योग्यता प्रणालीलाई प्रमुख प्राथमिकता दिई देहाय बमोजिमका मुख्य सिद्धान्तहरू अवलम्बन गर्नु पर्दछ । यसरी योग्यता, स्वच्छता र निष्पक्षताको जगमा उत्कृष्टताको मापन गरी प्रदेश सरकार र स्थानीय तहहरूलाई चाहिने जनशक्तिको छनौट तथा सिफारिस गर्ने कार्यमा प्रदेश लोक सेवा आयोग प्रतिबद्ध भइ कार्यसम्पादन गर्नु आयोगको दायित्व हुन्छ । लोक सेवा आयोगका स्थापित सिद्धान्तहरूलाई प्रदेश लोक सेवा आयोगले अनुसरण गरी काम गर्नु गराउनु पर्छः-



१०. आयोगबाट प्रदान गरिने सेवाहरूः

- वार्षिक कार्यतालिका प्रकाशन
- माग पद संकलन
- प्रतिशत निर्धारण
- शैक्षिक योग्यता एवं पाठ्यक्रम निर्माण, परिमार्जन र संशोधन
- विज्ञापन प्रकाशन
- दरखास्त संकलन
- प्रश्नपत्र निर्माण र परिमार्जन
- प्रतियोगितात्मक लिखित परीक्षा सञ्चालन
- उत्तरपुस्तिका परीक्षण
- लिखित नतिजा तयारी एवं प्रकाशन

- प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण(प्रयोगात्मक परीक्षा तथा सीप परीक्षण हुने पदहरूका लागि)
- अन्तर्वार्ता
- सिफारिस
- बढुवा सम्बन्धी उजुरीमा आवश्यक छानविन गरी आवश्यक निर्णय गर्ने
- रिक्त पदहरूको नियुक्ति, पदस्थापना लगायतका विषयमा निरीक्षण गर्ने।

११. दस्तुर तथा शुल्कः

आयोगबाट विभिन्न कामको सिलसिलामा लिईने दस्तुर, शुल्क देहायबमोजिम व्यवस्था गरिएको छ।

दरखास्तको दस्तुर तथा शुल्क विवरण(बढुवाको लागि समेत)

तह	दस्तुर (रु.)
एघारौं र बाह्रौं तह	१५००
नवौं र दशौं तह	१२००
छैटौं, सातौं र आठौं तह	१०००
पाँचौं तह	५००
चौंथो तह	४००
तेश्रो तह	३००
सवारी चालक	२००
कार्यालय सहयोगी	१००

समान तहको विभिन्न पदको संयुक्त परीक्षा हुनेगरी विज्ञापन भएकोमा प्रति थप समूह/पत्रको लागि निम्न बमोजिम परीक्षा दस्तुरको व्यवस्था रहेको छः

तह	दस्तुर (रु.)
एघारौं र बाह्रौं तह	६००
नवौं र दशौं तह	५००
छैटौं, सातौं र आठौं तह	४००
पाँचौं तह	२००
चौंथो तह	१५०
सवारी चालक र कार्यालय सहयोगी	१००

१२. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

(क) प्रक्रिया

- सूचना मागकर्ताले आफुले माग गरेको सूचना सहितको विवरण उल्लेख गरी आयोगको सूचना अधिकारीलाई सम्बोधन गरी निवेदन दिनुपर्ने,
- निवेदकले माग गरे बमोजिमको सूचना तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको भएमा सूचना अधिकारीले कारण सहित सूचना उपलब्ध गराउने समय तोकी सोको जानकारी निवेदकलाई गराइनेछ,
- सूचना अधिकारी समक्ष माग गरिएको सूचना आफुभन्दा माथिल्लो तहबाट निर्णय गराउनुपर्ने भएमा सोको जानकारी सूचना मागकर्तालाई तत्काल गराई १५ दिनभित्र सूचना माग निवेदन उपर भएको निर्णय उपलब्ध गराइनेछ,
- सूचना मागकर्ताले माग गरेको विवरण स्थलगत भ्रमणबाट दिन सकिने अवस्था भएमा सूचना अधिकारीलाई स्थलगत भ्रमण गरी प्रतिवेदन पेश गर्न लगाउन सकिनेछ। यसरी भ्रमण गरिसकेपछि भ्रमणमा खटिने पदाधिकारीले माग सूचनाको सम्बन्धमा प्रतिवेदन पेश गर्नुपर्नेछ। प्राप्त प्रतिवेदनका आधारमा निर्णय गराउन आवश्यक भए निर्णय गराई र निर्णय गराउन आवश्यक नभए सोझै सूचना अधिकारीले आवश्यकता अनुसारको सूचना मागकर्तालाई उपलब्ध गराइनेछ,
- प्रदेश लोक सेवा आयोगको ऐन, नियम तथा निर्देशिकाले सूचना प्रवाह गर्न नमिल्ने, गोप्य रहने भनी तोकिएको विषयमा सूचना प्रवाह गरिने छैन,
- अन्य विषयको निर्णय विषयको कार्यप्रकृति अनुसार टिप्पणी, समूह प्रतिवेदन, छलफल आदिका आधारमा हुने गर्दछ।

(ख) निर्णय गर्ने अधिकारी

- सूचनासँग सम्बन्धित विषयको प्रकृति अनुसार आयोगका सचिव वा आयोग

(ग) सूचना अधिकारीले उपलब्ध गराएको सूचना उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री शम्भु प्रसाद मरासिनी मोबाइल नं. ९८५७०८१०६२

(घ) प्रवक्ता र सूचना अधिकारी

प्रवक्ताको नामः राम प्रसाद भट्टराई मोबाइल नं.:- **९८५७०८८६९५**

सूचना अधिकारीको नामः राजेन्द्र प्रसाद पौडेल मोबाइल नं.:- **९८५७०८८६९६**

१३. सम्पादन गरेको कामको विवरण (२०८३ श्रावण १ गते देखि आश्विन मसान्त सम्म)

कानून, बढुवा तथा का.स.मू. अभिलेख शाखाः

१. आयोगमा बढुवा उजुरी दर्ता भएका बढुवा सूचना नम्बरः

- ब.सू.नं. १२६/०८१-८२ स्थानीय कृषि/बागवानीवाली संरक्षण वाली विकास
- ब.सू.नं. ९१/०८१-८२ स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन/जनस्वास्थ्य अधिकृत/ सातौ तह (जेष्ठता र
- कार्यसम्पादन मूल्याङ्कन)
- ब.सू.नं. ११४/०८१-८२ स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन/जनस्वास्थ्य अधिकृत/ सातौ तह (कार्यक्षमता
- मूल्याङ्कन)
- ब.सू.नं. १४२/०८१-८२ स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन/हेल्थ असिस्टेन्ड/ पाँचौ तह (जेष्ठता र
- कार्यसम्पादन मूल्याङ्कन) (उजुरी संख्या ८)

२. बढुवा सम्बन्धि फछ्यौंट भएका उजुरीहरुः

- बढुवा सूचना नं. ९१/०८२-८२ स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन/जनस्वास्थ्य अधिकृत/ सातौ तह (जेष्ठता
- र कार्यसम्पादन मूल्याङ्कन)
- बढुवा सूचना नं. १४१/०८२-८२ स्थानीय स्वास्थ्य/ हेल्थ इन्स्पेक्सन/जनस्वास्थ्य अधिकृत/ सातौ तह
- (कार्यक्षमता मूल्याङ्कन)
- बढुवा सूचना नं. १२६/०८२-८२ स्थानीय कृषि/ वागवानी, बाली संरक्षणर बालि विकास समूह/ कृषि
- विकास अधिकृत/ सातौ तह (कार्यक्षमता मूल्याङ्कन) (उजुरी संख्या २)

३. आयोगलाई विपक्षी बनाई अदालतमा दायर भएका मुद्दामा लिखित जवाफ तयार गरी पेश गरिएको संख्या =४

- मुद्दा नं ०८३-WO-००५२ (उच्च अदालत तुलसीपुर बुटवल इजलास)
- मुद्दा नं ०८२-AC-०३९१ (प्रशासकीय अदालत)
- मुद्दा नं ०८३-WO-००७१ (उच्च अदालत तुलसीपुर बुटवल इजलास)

- मुद्दा नं ०८३-WO-००५२ (उच्च अदालत तुलसीपुर बुटवल इजलास)

प्रश्नपत्र परिमार्जन, अन्तर्वार्ता तथा सिफारिस शाखा

प्रगति विवरणः २०८३/०४/०१ देखि २०८३/०६/३१ सम्म

क्र.सं.	विवरण	संख्या	कैफियत
१	उम्मेदवार सिफारिस	२९	अधिकृतस्तर नवौं तह १९ जना र अधिकृतस्तर सातौं १० जना सिफारिस गरिएको।
२	वैकल्पिक उम्मेदवार सिफारिस	-	यस अवधिमा सिफारिस नभएको।
३	वैकल्पिक/अस्थायी नामावली पठाएको	७	३ स्थानीय तह र १ कार्यालयबाट माग भई आए बमोजिम ७ थान पत्र पठाइएको ।

आर्थिक प्रशासन शाखाः

	प्रदेश लोक सेवा आयोगको आ.व. २०८३/८४ को कुल बजेट विनियोजन खर्च विवरण (रु.मा)			
क्र.सं.	ब.उ.शि.नं.	विनियोजन रकम रु.	२०८३ श्रावण देखि असोज मसान्त सम्मको खर्च	खर्च प्रतिशत
१	२१०००११३(चालु खर्च)	९५२१५०००।-	१६८२७६३२.१४	१७.६७
२	२१०००११४(पुँजिगत खर्च)	१००००००।-	१०७२४२९	१०.७२
३	२१०००००१३(पदाधिकारी)	३९८५०००।-	८१११८०	२०.३५
	जम्मा	१०९२००००।-	१८७११२४१.१४।-	४८.७५

दरखास्त व्यवस्थापन शाखा

दरखास्त सङ्कलन:

- आ.व.२०८३/०८४ का लागि वार्षिक कार्यतालिका अनुसार पदपूर्तिका लागि २०८३ असोज २९ गते अन्तर तह, खुला तथा समावेशी तर्फ अधिकृतस्तर एघारौं, नवौं र आठौं तहका विभिन्न पदहरूमा विज्ञापन प्रकाशन भएकोमा Online दरखास्त प्रणालीमा System Configuration मिलाई आवेदन सङ्कलन भइरहेको।

क्र.सं.	विज्ञापन नं.	सेवा	तह	पद	समूह	उपसमूह	माग पद
१	५१००१-५१००१/२०८३-८४	प्रदेश स्वास्थ्य	अधिकृतस्तर एघारौं	प्रमुख मेडिकल सुपरिटेण्डेण्ट	जनरल हेल्थ सर्भिसेज		१
२	५०००१-५०००१/२०८३-८४	स्थानीय प्रशासन	अधिकृतस्तर नवौं	उपसचिव/उपनिर्देशक	सामान्य प्रशासन		१
३	५१००२-५१००२/२०८३-८४	प्रदेश/स्थानीय स्वास्थ्य	अधिकृतस्तर नवौं	मेडिकल सुपरिटेन्डेन्ट	जनरल हेल्थ सर्भिसेस		२
४	५१००३-५१००३/२०८३-८४	प्रदेश स्वास्थ्य	अधिकृतस्तर नवौं	कन्सल्टेण्ट जनरल फिजिसियन	मेडिसिन	जनरल मेडिसिन	१
५	५१००४-५१००५/२०८३-८४	प्रदेश स्वास्थ्य	अधिकृतस्तर नवौं	जनस्वास्थ्य प्रशासक	हेल्थ ईन्स्पेक्सन		२
६	५१००६-५१००७/२०८३-८४	प्रदेश स्वास्थ्य	अधिकृतस्तर नवौं	कन्सल्टेण्ट मेडिकल जनरलिष्ट	मेडिकल जनरलिष्ट		२
७	५१००८-५१००९/२०८३-८४	प्रदेश स्वास्थ्य	अधिकृतस्तर नवौं	कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाईनोकोलोजिष्ट	अब्स्ट्रेटिक्स तथा गाईनोकोलोजी		२
८	५१०१०-५१०१०/२०८३-८४	प्रदेश स्वास्थ्य	अधिकृतस्तर नवौं	कन्सल्टेण्ट अर्थोपेडिक सर्जन	सर्जरी	अर्थोपेडिक सर्जरी	१
९	५१०११-५१०११/२०८३-८४	प्रदेश स्वास्थ्य	अधिकृतस्तर नवौं	कन्सल्टेण्ट सर्जन	सर्जरी	जनरल सर्जरी	१
१०	५१०१२-५१०१२/२०८३-८४	प्रदेश स्वास्थ्य	अधिकृतस्तर नवौं	कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट	एनेस्थेसियोलोजी		१
११	५१०१३-५१०१३/२०८३-८४	प्रदेश स्वास्थ्य	अधिकृतस्तर नवौं	कन्सल्टेण्ट साईक्याट्रिष्ट	साईक्याट्रि		१
१२	५१०१४-५१०१४/२०८३-८४	प्रदेश स्वास्थ्य	अधिकृतस्तर नवौं	कन्सल्टेण्ट प्याथोलोजिष्ट	प्याथोलोजी	जनरल प्याथोलोजी	१
१३	५१०१५-५१०१७/२०८३-८४	प्रदेश स्वास्थ्य	अधिकृतस्तर नवौं	कन्सल्टेण्ट रेडियोलोजिष्ट/रेडियो डाइग्नोसिष्ट	रेडियोलोजी		३
१४	५१०१८-५१०१८/२०८३-८४	प्रदेश स्वास्थ्य	अधिकृतस्तर नवौं	स्वास्थ्य प्रशासक	पब्लिक हेल्थ एडमिनिष्ट्रेशन		१
१५	५२००१-५२००१/२०८३-८४	प्रदेश इन्जिनियरिङ	अधिकृतस्तर नवौं	डिभिजनल इन्जिनियर	सिभिल	वि. एण्ड आ.	१
१६	५२००२-५२००४/२०८३-८४	स्थानीय इन्जिनियरिङ	अधिकृतस्तर नवौं	डिभिजनल इन्जिनियर	सिभिल		३
१७	५३००१-५३००१/२०८३-८४	प्रदेश कृषि	अधिकृतस्तर नवौं	मुख्य कृषि प्रसार अधिकृत	कृषि प्रसार		१
१८	५४००१-५४००१/२०८३-८४	प्रदेश वन	अधिकृतस्तर नवौं	डिभिजन वन अधिकृत/वन उपनिर्देशक	जनरल फरेष्ट्री		१

क्र.सं.	विज्ञापन नं.	सेवा	तह	पद	समूह	उपसमूह	माग पद
१९	५५००१-५५००१/२०८३-८४	स्थानीय शिक्षा	अधिकृतस्तर नवौं	शिक्षा निर्देशक	शिक्षा प्रशासन र परीक्षण तथा मूल्याङ्कन		१
२०	५१०१९-५१०२४/२०८३-८४	प्रदेश/स्थानीय स्वास्थ्य	अधिकृतस्तर आठौं	मेडिकल अधिकृत	जनरल हेल्थ सर्भिसेस		१२
२१	५१०२५-५१०२५/२०८३-८४	प्रदेश स्वास्थ्य	अधिकृतस्तर आठौं	डेन्टल सर्जन	डेन्टिष्ट्री	जनरल डेन्टल	१
						जम्मा	**४०**

स्वीकृत नामावली प्रकाशन:

- आ.व. २०८१/०८२ मा विज्ञापन प्रकाशन भइ दरखास्त सङ्कलनकै क्रममा रोकिएका अधिकृतस्तर आठौं र सातौं तहका विभिन्न पदहरूको पुन: सञ्चालन गर्ने निर्णय अनुसार स्वीकृत नामावली प्रकाशन गरिएको।
- दैनिक रुपमा आउने सेवाग्राहीहरूको अनलाइन दरखास्त प्रणाली सम्बन्धी समस्याहरूको समाधानका लागि Whatsapp, Mobile Call हरूको सक्दो Response गरी समस्या समाधान गरिएको।
    - भदौ ३१, २०८३ विज्ञापन नं.५००५०-५००५३/२०८२-८३(अन्तर तह, खुला, समा.), प्रदेश प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृतस्तर नवौं तह (अप्राविधिक), उपसचिव/निर्देशक पदको स्वीकृत नामावली
    - भदौ ३१, २०८३ विज्ञापन नं.५३०४४-५३०४७/२०८२-८३(खुला, समा.), प्रदेश/स्थानीय कृषि सेवा, बागवानी/बाली/माटो/कृषि प्रसार समूह, सहायकस्तर चौथो तह (प्राविधिक), बाली/माटो/कृषि प्राविधिक सहायक पदको स्वीकृत नामावली
    - भदौ ३१, २०८३ विज्ञापन नं.५३०३५-५३०४३/२०८२-८३(खुला, समा.), प्रदेश/स्थानीय कृषि सेवा, भेटेरिनरी/ला.पो.डे.डे. समूह, सहायकस्तर चौथो तह (प्राविधिक), पशु स्वास्थ्य/सेवा प्राविधिक सहायक (एकीकृत) पदको स्वीकृत नामावली
    - भदौ ३१, २०८३ विज्ञापन नं.५२०४०-५२०४३/२०८२-८३(खुला, समा.), स्थानीय इन्जिनियरिङ सेवा, सर्भे समूह, सहायकस्तर चौथो तह (प्राविधिक), अमिन पदको स्वीकृत नामावली
    - भदौ ३१, २०८३ विज्ञापन नं.५२०३६-५२०३९/२०८२-८३(खुला, समा.), प्रदेश/स्थानीय इन्जिनियरिङ सेवा, सिभिल एकीकृत/सिभिल समूह, स्यानिटरी उपसमूह, सहायकस्तर चौथो तह (प्राविधिक), खा.पा.स.टे. पदको स्वीकृत नामावली
    - भदौ ३१, २०८३ विज्ञापन नं.५११०८-५११०९/२०८२-८३(खुला, समा.), प्रदेश स्वास्थ्य सेवा, रेडियोग्राफी समूह, रेडियोग्राफी उपसमूह, सहायकस्तर चौथो तह (प्राविधिक), डार्क रुम असिष्टेण्ट पदको स्वीकृत नामावली
    - भदौ ३१, २०८३ विज्ञापन नं.५११०६-५११०७/२०८२-८३(खुला, समा.), प्रदेश/स्थानीय स्वास्थ्य सेवा, मे.ल्या.टे. समूह, ज.मे.ल्या.टे. उपसमूह, सहायकस्तर चौथो तह (प्राविधिक), ल्याब असिष्टेन्ट पदको स्वीकृत नामावली
    - भदौ ३१, २०८३ विज्ञापन नं.५१०९०-५११०५/२०८२-८३(खुला, समा.), प्रदेश/स्थानीय स्वास्थ्य सेवा, क.नर्सिङ/प.हे.न. समूह, सहायकस्तर चौथो तह (प्राविधिक), अ.न.मी. पदको स्वीकृत नामावली
    - भदौ ३१, २०८३ विज्ञापन नं.५१०७४-५१०८९/२०८२-८३(खुला, समा.), प्रदेश/स्थानीय स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह, सहायकस्तर चौथो तह (प्राविधिक), अ.हे.व./को.चे.अ. पदको स्वीकृत नामावली
    - भदौ ३१, २०८३ विज्ञापन नं.५१०७१-५१०७३/२०८२-८३(खुला, समा.), प्रदेश/स्थानीय स्वास्थ्य सेवा, आयुर्वेद समूह, जनरल आयुर्वेद उपसमूह, सहायकस्तर चौथो तह (प्राविधिक), वैद्य पदको स्वीकृत नामावली

- भदौ ३१, २०८३ विज्ञापन नं.५००३३-५००४९/२०८२-८३(खुला, समा.), प्रदेश/स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन/लेखा समूह, सहायकस्तर चौथो तह (अप्राविधिक), प्रशासन सहायक/लेखा सहायक पदको स्वीकृत नामावली

कच्चा प्रश्नपत्र निर्माण तथा सङ्कलन शाखा

- आ.व. २०८२/०८३ का अधिकृतस्तर आठौं र सातौं तहका विभिन्न पदहरूको लिखित परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने कच्चा प्रश्नपत्र निर्माण तथा सङ्कलन सम्बन्धी कार्य भइरहेको।

नतिजा प्रकाशन शाखा

- आ.व. २०७७/०७८ र आ.व. २०८१/०८२ का अधिकृतस्तर आठौं/सातौं र आ.व. २०८२/०८३ का अधिकृतस्तर नवौं तहका विभिन्न पदहरूको लिखित परीक्षाको नतिजा प्रकाशन गरिएको:

क्र.सं	मिति	विज्ञापन नं.	सेवा	समूह	उपसमूह	तह	पद
१	असोज ११, २०८३	५२०२०–५२०२२/२०७७–७८ (खुला समावेशी)	इञ्जिनियरिङ	मेकानिकल	जनरल मेकानिकल	सातौं (प्राविधिक)	मेकानिकल इन्जिनियर
२	असोज ९, २०८३	५२०१५–५२०१९/२०७७–७८ (खुला समावेशी)	इञ्जिनियरिङ	सिभिल	वि. एण्ड आ.	सातौं (प्राविधिक)	इन्जिनियर
३	असोज ९, २०८३	५२०१४/२०७७–७८ (खुला)	इञ्जिनियरिङ	सिभिल	स्यानिटरी	सातौं (प्राविधिक)	इन्जिनियर
४	असोज ६, २०८३	५२०१२–५२०१३/२०७७–७८ (खुला समावेशी)	इञ्जिनियरिङ	सिभिल	हाइड्रोपावर	सातौं (प्राविधिक)	इन्जिनियर
५	असोज ६, २०८३	५२००८–५२०११/२०७७–७८ (खुला समावेशी)	इञ्जिनियरिङ	सिभिल	इरिगेशन	सातौं (प्राविधिक)	इन्जिनियर
६	असोज ५, २०८३	५२००५–५२००७/२०७७–७८ (खुला समावेशी)	इञ्जिनियरिङ	सिभिल	जनरल	सातौं (प्राविधिक)	इन्जिनियर
७	असोज ३, २०८३	५२००१–५२००४/२०७७–७८ (खुला तथा समावेशी)	इञ्जिनियरिङ	सिभिल	हाइवे	सातौं (प्राविधिक)	इन्जिनियर
८	भदौ ३०, २०८३	५०००५–५००१६/२०८२–८३ (खुला तथा समावेशी)	प्रदेश/स्थानीय प्रशासन	सा.प्र./लेखा/ आ.ले.प.	—	सातौं (अप्राविधिक)	शाखा अधिकृत/प्रशासकीय अधिकृत/लेखा अधिकृत/आन्तरिक लेखा परीक्षण अधिकृत
९	भदौ २५, २०८३	५१०१४–५१०१६/२०७७–७८ (खुला तथा समावेशी)	स्वास्थ्य	मेडिकल ल्याब टेक्नोलोजी	—	सातौं (प्राविधिक)	मेडिकल ल्याब टेक्नोलोजिष्ट
१०	भदौ २५, २०८३	५१०१२–५१०१३/२०७७–७८ (खुला तथा समावेशी)	स्वास्थ्य	फिजियोथेरापी	—	सातौं (प्राविधिक)	फिजियोथेरापिष्ट

क्र.सं	मिति	विज्ञापन नं.	सेवा	समूह	उपसमूह	तह	पद
११	भदौ २५, २०८३	५१००८–५१०११/२०७७–७८ (खुला तथा समावेशी)	स्वास्थ्य	जनरल नर्सिङ	—	सातौं (प्राविधिक)	नर्सिङ अधिकृत
१२	भदौ २४, २०८३	५१००१–५१००७/२०७७–७८ (खुला समावेशी)	प्रदेश स्वास्थ्य	जनरल हेल्थ सर्भिसेज	—	आठौं (प्राविधिक)	मेडिकल अधिकृत
१३	भदौ ६, २०८३	५२००३–५२००५/२०८२–८३ (अन्तर तह, खुला तथा समावेशी)	स्थानीय इन्जिनियरिङ	सिभिल	—	नवौं (प्राविधिक)	डिभिजनल इन्जिनियर
१४	भदौ ५, २०८३	५०००१–५०००३/२०८२–८३ (अन्तर तह, खुला तथा समावेशी)	स्थानीय प्रशासन	सामान्य प्रशासन	—	नवौं (अप्राविधिक)	उपसचिव/उपनिर्देशक
१५	साउन ७, २०८३	५४००१/२०८२–८३ (खुला)	प्रदेश वन	जनरल फरेष्ट्री	—	नवौं (प्राविधिक)	डिभिजन वन अधिकृत/वन उपनिर्देशक
१६	साउन ७, २०८३	५५००१/२०८२–८३ (अन्तर तह)	स्थानीय शिक्षा	शिक्षा प्रशासन र परीक्षण तथ मूल्याङ्कन	—	नवौं (प्राविधिक)	शिक्षा निर्देशक
१७	साउन ७, २०८३	५५००२/२०८२–८३ (खुला)	स्थानीय शिक्षा	शिक्षा प्रशासन र परीक्षण तथ मूल्याङ्कन	—	नवौं (प्राविधिक)	शिक्षा निर्देशक
१८	साउन ६, २०८३	५२००१/२०८२–८३ (अन्तर तह)	प्रदेश इन्जिनियरिङ	सिभिल	इरिगेशन	नवौं (प्राविधिक)	डिभिजनल इन्जिनियर
१९	साउन ६, २०८३	५२००२/२०८२–८३ (खुला)	प्रदेश इन्जिनियरिङ	सिभिल	इरिगेशन	नवौं (प्राविधिक)	डिभिजनल इन्जिनियर
२०	साउन ५, २०८३	५०००७–५००१४/२०८१–०८२ (खुला तथा समावेशी)	प्रदेश प्रशासन	सामान्य प्रशासन/लेखा	—	सातौं (अप्राविधिक)	शाखा अधिकृत/लेखा अधिकृत

लिखित परीक्षा सञ्चालन शाखा

क्र.स.	विज्ञापन नं.	पद	सेवा/समुह	परीक्षा सञ्चालन मिति	परीक्षार्थी संख्या	कैफियत
१	५०००५-१६/८२-८३	शाखा अधिकृत/लेखा अधिकृत/आ.ले.प अधिकृत	प्रदेश प्रशासन/सा.प्र/लेखा/आलेप	२०८३/४/३०	३६००	प्रथम पत्र
२	५१०२७-२९/८१-८२	आयुर्वेद चिकित्सक	प्रदेश स्वास्थ्य/आयुर्वेद/जनरल	२०८३/०४/३१ र ५/१	१८२	
३	५१०३०-५१०३१/८१-८२	डेन्टल सर्जन	प्रदेश स्वास्थ्य/डेन्ट्रिष्ट्री	२०८३/०५/०१ र २	१७८	
४	५०००६/८१-८२ अन्तरतह	शाखा अधिकृत/लेखा अधिकृत	प्रदेश प्रशासन/लेखा	२०८३/०५/२,३ र ४	८१	
५	५१०३२/०८१-८२ खुला	कम्युनिटी नर्सिङ्ग अधिकृत	प्रदेश स्वास्थ्य/कन	२०८३/०५/५ र ६	६८	
६	५०००७-१६/८१-८२	शाखा अधिकृत/लेखा अधिकृत	प्रदेश प्रशासन/लेखा	२०८३/०५/५, ६र ७	७००	
७	५१०३३/८१-८२ अन्तरतह	जनस्वास्थ्य अधिकृत	प्रदेश स्वास्थ्य/हेई	२०८३/०५/७ र ८	२९	
८	५१०३४-३६/८१-८२	जनस्वास्थ्य अधिकृत	प्रदेश स्वास्थ्य/हेई	२०८३/०५/८ र ९	५५९	
९	५१०३७/०८१-८२	मेडिकल रेकर्डर अधिकृत	प्रदेश स्वास्थ्य/मेरे	२०८३/०५/९ र १०	३१	
१०	५१०३८/०८१-८२	फार्मेसी अधिकृत	प्रदेश स्वास्थ्य/फार्मेसिष्ट	२०८३/०५/२२ र २३	१४७	
११	५००१५-१६/०८१-८२	तथ्याङ्क अधिकृत	प्रदेश प्रशासन/तथ्याङ्क	२०८३/०५/२३ र २४	७५	
१२	५१०४०/८१-८२	रेडियोग्राफि टेक्नोलोजिष्ट	प्रदेश स्वास्थ्य/फार्मेसिष्ट	२०८३/०५/२४ र २५	४५	
१३	५२००८/८१-८२ खुला	हाईड्रोजियोलोजिष्ट	प्रदेश ईन्जिनियर/जियो	२०८३/०५/२५ र २६	५९	
१४	५२००९/८१-८२	नापी अधिकृत	प्रदेश ईन्जिनियर/सर्भे	२०८३/०५/२६ र २७	६७	

१५	५२००८/८१-८२ अन्तरतह	बाली विकास/कृषि अर्थ अधिकृत	प्रदेश कृषि/एकिकृत	२०८३/०५/२६ र २८	१८	
१६	५४००५/८१-८२ अन्तरतह	वन अधिकृत	प्रदेश वन/जफ	२०८३/०६/२६ र २९	६०	
१७	५३००८-१०/८१-८२	कृषि अधिकृत एकिकृत	प्रदेश कृषि/एकिकृत	२०८३/०६/०३ र ०४	१३२३	
१८	५४००६-१३/८१-८२	वन /भुसंरक्षण/तालिम तथा अनुसन्धान अधिकृत	प्रदेश वन/एकिकृत	२०८३/०६/०४ र ०५	७५९	
१९	५३०११/८१-८२	मत्स्य विकास अधिकृत	प्रदेश कृषि/मत्स्य विकास	२०८३/०६/०५ र ०६	५०	
२०	५५००३-४/८१-८२	शिक्षा अधिकृत	प्रदेश शिक्षा/शिक्षा प्रशासन	२०८३/०६/०६ र ०७	४९६	
२१	५३०१२/८१-८२	पशु विकास अधिकृत	प्रदेश कृषि/लापोडेडे	२०८३/०६/०७ र ०८	११२	
२२	५५००५/८१-८२	पुरातत्व अधिकृत	प्रदेश शिक्षा/पुरातत्व	२०८३/०६/०८ र ०९	९	
२३	५३०१३/८१-८२	पशु चिकित्सक	प्रदेश कृषि/पशु चिकित्सक	२०८३/०६/०९ र १०	३	
२४	५३०१४-१५/८१-८२	पशु चिकित्सक	प्रदेश कृषि/भेटेरिनरी	२०८३/०६/११ र १२	१५३	

<u>प्रतिशत निर्धारण र विज्ञापन प्रकाशन तर्फ</u>

क्र.स.	सेवाको प्रकार	प्रतिशत निर्धारण गरि विज्ञापन प्रकाशन भएका पद संख्या	खुला तथा समावेशी	बढुवा	कैफियत
१	प्रदेश निजामती सेवा				
२	स्थानीय निजामती सेवा			७१	
३	अन्तरतह		८		
जम्मा					

तहगत प्रतिशत निर्धारण गरी विज्ञापन प्रकाशन भएको विवरण

क्र.स.	सेवाको प्रकार	माग पद संख्या	प्रतिशत निर्धारण गरिएका पद संङ्ख्या	कैफियत
१	अधिकृतस्तर एघारौं	१५	१५	
२	अधिकृतस्तर नवौं	८२	८२	
३	अधिकृतस्तर आठौं	१३	१३	

पदपुर्तिको किसिम अनुसार विज्ञापन विवरण

क्र.स	पदपुर्तिको किसिम	विज्ञापन संख्या	पद संख्या	कैफियत
१	खुला प्रतियोगिता	१५	१५	
२	समावेशि प्रतियोगिता	१६	१६	
३	अन्तरतह	८	८	
४	बढुवा	७१	७१	

१४. सार्वजनिक निकायको वेबसाइट

प्रदेश लोक सेवा आयोगको वेबसाइट www.ppsc.lumbini.gov.np

१५. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

आयोगको ऐन, नियमावली र निर्देशिकामा गोप्य रहने भनी उल्लेख गरेका सूचना बाहेक सबै सूचनाहरू प्रकाशन हुने गरेको।

१६. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

- आयोगको वेवसाइट www.ppsc.lumbini.gov.np,
- प्रदेश लोक सेवा आयोगको वार्षिक प्रतिवेदन (वार्षिक रुपमा),
- आयोगबाट हुने पदपूर्तिको विज्ञापन गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशन गर्ने गरिएको,
- प्रदेश लोक सेवा आयोगको फेसबुक पेजः www.facebook.com/ppsc.lumbini प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश बुटवल।

***